# विश्व जनसङ्ख्या स्थिति २०२०

***मेरो इच्छा विरुद्धमा :***

***महिला तथा किशोरीहरुलाई हानी गर्ने र समानतालाई कमजोर पार्ने अभ्यासहरुलाई चुनौती दिऔं***

**आजको भेदभाव जीवनभरको मानसिक आघात**

किशोरीहरु विरुद्धको हानिकारक अभ्यासहरुले उनीहरुमा आजीवन गम्भीर आघात निम्त्याउँछ जसले भविष्यमा क्षमतावान् व्यक्ति बन्ने अधिकारबाट उनीहरुलाई वञ्चित गराउँछ ।

**बालविवाह :**

- किशोरीहरुलाई बालविवाह जस्ता हानिकारक अभ्यासहरु भोग्न परिवारबाट नै बाध्य पारिन्छ जसलाई सामुदायमा विद्यमान विभेदजन्य मान्यताहरुले थप असर पुर्‍याउँदछ ।
- बालविवाह यस्तो किसिमको विवाह हो जसमा विवाहित मध्ये एक वा दुवै १८ वर्ष उमेरभन्दा कम उमेरका हुन्छन् ।
- नेपालमा बालविवाह किशोरकिशोरी दुवैका लागि वास्तविकता भएपनि किशोरहरुको तुलनामा किशोरी बढी प्रभावित हुने गरेका छन् । भावनात्मक र शारीरिक रुपमा श्रीमती र आमा बन्न तयार भैनसक्दा पनि किशोरावस्थामा दुलही बन्नुपर्ने अवस्थाले जीवनमा धेरै चुनौतीहरु ल्याउँछ । सँगसँगै किशोरीहरु विवाह पश्चात् विद्यालयमा रहने संभावना अत्यन्त कम हुन जान्छ भने घरेलु हिंसाबाट पीडित हुनुपर्ने र यसका साथै गर्भावस्था र बच्चा जन्माउने अवस्थाका जटिलताहरुको सामना गर्नुपर्ने संभावना वढी हुन्छ ।
- मूल सारमा भन्नुपर्दा बालविवाह लैङ्गिक विभेद र लैङ्गिक असमानतामा जडित छ ।
- बालविवाहलाई मानव अधिकार उल्लङ्घनका रुपमा लिइन्छ । नेपालको कानून, मानव अधिकारको विश्वव्यापि घोषणापत्र, महिला विरुद्ध हुने भेदभाव उन्मुलन सम्मेलन, विवाहमा सहमति सम्बन्धी

सम्मेलन, विवाहको लागि न्युनतम उमेर, विवाह दर्ता र बालअधिकारको सम्मेलन सहित धेरै अन्तराष्ट्रिय र क्षेत्रीय संझौता तथा नेपालको कानूनले बालविवाहलाई प्रतिवन्धित गर्दछ ।

- अझै पनि नेपालको दुर्गम क्षेत्रहरुमा बालविवाह कायमै छ । प्राय धेरैजसो बालविवाह सीमित अवसरको परिणाम हो ।
- किशोरकिशोरी दुवैका लागि बालविवाहको सबैभन्दा उच्च दर रहेको एसियाली देशहरु मध्ये नेपाल पनि रहेको छ । दुवै लिङ्गका लागि विवाहको कानुनी उमेर २० वर्ष भएपनि अनुमानित ४० प्रतिशत नेपाली किशोरीहरुको १८ वर्ष भन्दा कम उमेरमा नै विवाह हुने गरेको छ । देशमा बालविवाहको दर घटिरहेको भएपनि पछिल्ला पाँचवर्षमा सो गिरावट दरको गतिमा भने उल्लेख्य कमी आएको छ। किशोरीहरुको शिक्षा र स्वास्थ्य सेवामा पहुँच पुऱ्याउदै उनीहरुमा लगानी गर्नु, विवाह गर्ने उमेर बढाउनु र छिटो बच्चा नजन्माउन सुनिश्चित गर्नु आजको आवश्यकता हो।
- स्वस्थ्य परिवार र लैङ्गिक समानताको उच्चतम अनुभूति गराउनका लागि महिला तथा किशोरीहरुको गरिमा र आत्मसम्मान वढाउन आवश्यक पर्दछ जसको लागि मुलुकले उनीहरुमा लगानी गर्नपर्छ। विवाह गर्ने उमेर बढाउनु र छिटो बच्चा नजन्माउन सुनिश्चित गराउनु आजको आवश्यकता हो। यसले बलियो समाज निर्माण गर्छ साथै अर्थ व्यवस्थालाई जीवन्त बनाउँछ ।

**लैङ्गिक भेदभावको आधारमा लिङ्गको छनोट**

- छोरीलाई भन्दा छोरालाई प्राथमिकता दिनुको एउटा हानिकारक प्रभाव विश्व जनसंख्यामा १४० मिलियन महिलाको आश्चर्यजनक अभाव हुनु हो।
- छोरीलाई भन्दा छोरालाई बढी प्राथमिकता दिने संस्कारले लैङ्गिक विभेदलाई वढावा दिएको छ र छोराको छनौट बढी भई नवजात शिशु जन्ममा लिङ्ग अनुपात असन्तुलन बढेको छ। नेपालमा सन् २००५ मा १०० नवजात महिला शिशु जन्म मध्ये १०३ नवजात पुरुष शिशु रहेकामा सन् २०१५ मा बढेर १०० नवजात महिला शिशु जन्म मध्ये ११० नवजात पुरुष शिशुको जन्म पुगेको थियो । यो तथ्याङकले विद्यमान लैङ्गिक असमानताका कारण छोरीको अवमुल्यन भईरहेको, प्रजनन दर घटिरहेको तथा छोरी भन्दा छोराको चाहाना बढेको हुनाले गर्भपतन गर्ने अभ्यास वृद्धि भैरहेको कुरा प्रतिविम्बित गरेको छ।

**समान व्यवस्थापनले मात्र समान उपलब्धी हासिल हुन सक्छ**

किशोरीहरुलाई किनबेच गरिने सामग्री र नियन्त्रणमा लिइने वस्तुजस्तो गरिने व्यवहारलाई तत्काल रोक्नुपर्छ र उनीहरुलाई पनि किशोरहरुलाई जस्तै समान अधिकार र अवसरहरु दिनुपर्छ ।

- समस्त समुदाय किशोरीहरुको समान अधिकारको पक्षमा उभिनु पर्छ । जसले किशोरीहरु विद्यालयमा रहन, रोजगारीका लागि तयारी हुन, आफ्नो छनौटबारे सिक्न र आफ्नो भविष्यको निर्णय आफै गर्न सक्दछन् ।
- सरकारले किशोरीहरुको अधिकार, प्रजनन् छनौट र बालविवाह अन्त्यको लागि हस्ताक्षर गरिएका प्रतिबद्धताको सम्मान गर्नुपर्दछ ।
- हानिकारक अभ्यासहरुको अन्त्य गर्नका लागि पुरुषहरुले किशोरीहरुको लागि आवाज उठाउन सहयोग गर्नुपर्छ र यसका साथै किशोर र किशोरी बीच समान व्यवहार र दृष्टिकोण माग गर्नुपर्दछ ।
- हरेक महिलालाई समानता, स्वतन्त्रता, मर्यादा र छनौटमा आधारित सरल जीवन निर्माण गर्न आर्थिक र कानुनी व्यवस्थाले समान अवसरहरुको प्रत्याभुत गराउनु पर्दछ ।

**सम्मान, संरक्षण र पूर्णता : तीन शब्दहरु, जसले महिला र किशोरीहरुको जीवनमा वास्तविक परिवर्तन र नतिजा ल्याउन सक्छ**

- सम्मान : महिला तथा किशोरीहरुलाई अमानव र वस्तुकरण गर्ने विद्यमान सांस्कृतिक अवधारणा र अभ्यासमा परिवर्तन गरेर महिला तथा किशोरी प्रतिको सम्मान बढाउनुपर्छ । यसको अर्थ असमानताको मूल जडलाई बाधा पुऱ्याएर किशोरीहरुको स्वतन्त्रतालाई सम्मान गर्नु हो ।
- संरक्षण : बालविवाह जस्ता अभ्यासको विरुद्धमा कानून लागु गर्ने र पालना गर्ने तथा विद्यमान धारणा र मान्यताहरु परिवर्तन गरेर महिला र किशोरीहरुलाई संरक्षण गर्नुपर्छ । अभिभावकहरुले हानिको प्रभाव बुझ्नुपर्छ र यसको विरुद्धमा अडान लिन सक्नुपर्छ ।
- पूर्णता : सङ्घीय, प्रान्तीय र स्थानीय सरकारले बालविवाह र अन्य हानिकारक अभ्यासहरुको अन्त्य गर्न आफ्ना दायित्व पुरा गर्नुपर्छ ।

**कोभिड-१९ ले हानिकारक अभ्यासहरु अन्त्य गर्न भइरहेको प्रगतिमा बाधा उत्पन्न**

- बालविवाह र हानिकारक अभ्यासहरु अन्त्य गर्न भैरहेका कार्यक्रमहरुलाई कोभिड-१९ ले अवरोध पुऱ्याइरहेको छ । यस्तो आपत्कालिन अवस्थामा बालविवाह बढ्ने संभावना देखिन्छ ।
- कोभिड-१९ महामारी फैलिनेक्रममा आगामी महिनाहरुमा धेरै महिलाहरु गर्भ निरोधका साधनहरुबाट वञ्चित हुने, अनिच्छित गर्भधानको सामना गर्नुपर्ने, लैङ्गिक हिंसा र हानिकारक अभ्यासहरु द्रुतत्तर वृद्धि हुने देखिन्छ ।